नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## प्रस्ताव आहवान सम्बन्धी सूचना

सूचना नं. २५/२०७९/८०

सूचना प्रकाशित मिति : २०७९/१२/०७

यस एकाइको चालु आ.व. २०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार लक्षित रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्रमा तपशिलका कार्यक्रम संचालन गर्न यस एकाइ अन्तर्गत सुचिकृत भएका कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/निजी फर्म/कम्पनीहरुले निम्न आवश्यक कागजात सहित मिति २०७९ चैत २७ गते भित्र आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै कार्यक्षेत्र एवम् प्रस्तावको लागि न्यूनतम मापदण्ड सम्बन्धी थप जानकारी कार्यालयको वेबसाइट तथा कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

तपशिलः

| क्र. सं. | कार्यक्रम विवरण | लक्ष्य संख्या | स्वीकृत वजेट (रु. लाखमा) | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | धान बालीको मसिनो तथा बासनादार क्षेत्र विस्तार कार्यक्रम | १०० हेक्टर | ५.० | रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला भर (सुपर जोन/जोन क्षेत्र भित्रका संस्थाहरुलाई प्राथमिकता) | धान बालीको मसिनो तथा बासनादार क्षेत्र विस्तारको लागि कम्तीमा १० कठ्ठा क्षेत्रफलको लागि नेपाल सरकारद्वारा सूचिकृत मसिनो तथा बासनादार धानको बीउमा बढिमा ५० % अनुदान सहयोग |
| २ | गहुँ जोन प्रभाव क्षेत्रमा मसिना धानको क्षेत्रफल विस्तार | २०० हेक्टर | २०.० | गहुँ जोन, रुपन्देही र नवलपरासी (ब.सु.प) को कार्यक्षेत्र भित्र | मसिना धानको क्षेत्रफल विस्तारको लागि कम्तीमा १ हेक्टर क्षेत्रफलको लागि नेपाल सरकारद्वारा सूचिकृत मसिना धानको बीउमा बढिमा ५० % अनुदान सहयोग |
| ३ | सामुदायिक सिंचाई पुर्वाधार निर्माण | ३ वटा | १३.१ | रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्र भित्र | सामुदायिक सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भारमा बढिमा ५० % अनुदान सहयोग (परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम हुने) |
| ४ | मत्स्य नश्ल सुधारको लागी शुद्ध नश्लका माउ माछा सहयोग (कमनकार्प, ग्रासकार्प, सिल्भर कार्प, विगहेड कार्प) | २ वटा | ३.० | माछा सुपरजोन, रुपन्देहीको कार्यक्षेत्र भित्र | सुपरजोन प्रभाव क्षेत्रमा शुद्ध नश्लका माउ माछामा अनुदान सहयोग (परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम हुने) |
| ५ | जिउँदो माछा बजारीकरण केन्द्र सुदृढीकरण | १ वटा | १.० | माछा सुपरजोन, रुपन्देहीको कार्यक्षेत्र भित्र | जिउँदो माछा बजारीकरण केन्द्र सुदृढीकरणका लागि बढिमा ५० % अनुदान सहयोग |
| ६ | स्थानीय तहसंगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | २ वटा | ५.० | माछा सुपरजोन, रुपन्देहीको कार्यक्षेत्र भित्र | सुपरजोन प्रभाव क्षेत्रमा नर्सरी श्रोत केन्द्र स्थापना वा सुदृढीकरणका लागि बढिमा ५० % अनुदान सहयोग |

**आवश्यक कागजातहरु**

१. रु. १० को हुलाक टिकट टाँसेको निर्धारित ढांचाको आवेदन सहित रितपूर्वक भरेको प्रस्ताव माग फारम ।
२. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/निजी फर्म/कम्पनी को बैठकबाट आवेदन पेश गर्ने निर्णयको प्रतिलिपि ।
३. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/निजी फर्म/कम्पनी को दर्ता प्रमाणपत्रको प्रतिलिपी।
४. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/निजी फर्म/कम्पनी को आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि ।

थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

नारायण काफ्ले